# राजगढ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी
२ नं. प्रदेश, नेपाल

प.स.: २०७८/०७९
च.नं.:

### सूचना
**प्रथम पटक प्रकाशित मिति : २०७८/०६/१८**

यस राजगढ गाउँपालिकाले चालु आ.व. २०७८/०७९ मा युनिसेफ नेपालको आर्थिक सहयोगमा विद्यालय जाँदै नगएका र विद्यालय गई कक्षा १ ,२ पछि विद्यालय छाडेका १० देखि १४ वर्ष उमेर समूहका बालबालिकाहरुलाई ९ (नौ) महिना सम्म साक्षरता सीपको ( लेखाई ,पढाई तथा हिसाब ) को विकास गर्ने उद्धेश्यले किशोरी शिक्षा कार्यक्रमका लागि देहाय बमोजिमको विवरण अनुसार सुपरभाइजर र सहजकर्ता सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र निवेदन पेश गर्नुहुन पदपूर्ति समितिको मिति २०७८/०६/१८ गतेको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी वा रीत पूर्वक प्राप्त नभएका निवेदन माथी कुनै कार्बाही गरिने छैन।

**तपसिल :**

**१. पद : सुपरभाइजर : संख्या १ (एक )**

क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
ख. प्रविणता प्रमाणपत्र तह पास वा सो सरह योग्यता भएको।
ग. १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको।
घ. महिला , दलित ,जनजाती ,पिछडा वर्ग र स्थानीयलाइ पहिलो प्राथमिकता दिइनेछ।
ङ. किशोरी शिक्षा कार्यक्रम वा समाजिक क्षेत्रमा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको।
च. कम्पयुटर सम्बन्धी आधारभूत ज्ञान भएको।
छ. सुपरभाइजर पदका लागि प्रति महिना रु १६०००।- (सोह्र हजार मात्र) का दरले भुक्तानी गरिने छ।
ज. सेवा अवधि : ९(नौ) महिनाको हुनेछ।
झ. परीक्षाको किसिम : अन्तर्वार्ता।
ञ. परीक्षा दस्तुर : रु ४००।- (चार सय मात्र)।

**२. पद : सहजकर्ता : संख्या १० (दस)**

क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
ख. एस.इ.इ. तह पास वा सो सरह योग्यता भएको।
ग. १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको।
घ. महिला , दलित ,जनजाती ,पिछडा वर्ग र स्थानीयलाई पहिलो प्राथमिकता दिइनेछ।
ङ. समाजिक क्षेत्रमा वा अनौपचारिक शिक्षामा कार्य गरेको वा गर्न इच्छुक व्यक्ति ,समय दिन सक्ने।
च. कम्पयुटरको समान्य जानकारी र इन्टरनेट तथा समाजिक सञ्जाल उपयोग गर्ने सीप भएको।
छ. सहजकर्ता पदको लागि प्रति महिना रु ६५००।- (छ हजार पाँच सय मात्र) दरले मात्र भुक्तानी गरिने छ।
ज. नियमित रुपमा दैनिक २ कक्षा संचालन गर्ने र सो को अभिलेख राख्नुपर्ने छ।
झ. सेवा अवधि : ९(नौ) महिनाको हुनेछ।
ञ. परीक्षाको किसिम : अन्तर्वार्ता।
ट. परीक्षा दस्तुर : रु ३००।- (तीन सय मात्र)।

३. परीक्षा दस्तुर राजगढ गाउँपालिकाको आन्तरीक राजस्व खाता नं. ४३४९५२४१२०७००४ मा राजगढ गा.पा.को Nepal S.B.I बैंकमा शाखाबाट बुझाउन सकिनेछ।
४. दरखास्त बुझाउने स्थान : राजगढ गाउँकार्यपालिकाको कार्यालय , शिक्षा ,युवा तथा खेलकुद शाखा नर्घो ,सप्तरी।
५. सम्पर्क मिति : २०७८ कार्तिक ४ गते।

०७८/०६/१८
शिक्षा अधिकृत

"अपन गाम, सुन्दर ठाम"

Scanned with CamScanner